# संघीय संसद

# प्रतिनिधि सभा

# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ६५**

**(मिति: २०७८/०५/३०)**

विषय:-

१. निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थलहरुको स्थलगत अध्ययन अवलोकन भ्रमण सम्बन्धमा।

२. विविध।

**छलफल तथा निर्णय:-**

समितिको आजको बैठकमा निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थलहरुको स्थलगत अध्ययन अवलोकन भ्रमण एवं विविध विषयका सम्बन्धमा छलफल भई देहाय बमोजिमका निर्णयहरु भए:

१) यस समितिका सदस्यहरु एवं समिति सचिवालयका कर्मचारीहरु सम्मिलित टोलीले भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरास्थित पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल तथा विभिन्न पर्यटकीय क्षेत्रहरुको अनूकुल समयमा स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने,

२) पारमाणविक अस्त्र निषेध सम्बन्धी महासन्धि (TREATY ON THE PROHIBITION OF NUCLEAR WEAPONS) लाई संघीय संसदबाट अनुमोदन गराउनका लागि परराष्ट्र मन्त्रालयलाई सुझाव सहित निर्देशन दिने।

३) अन्तर्राष्ट्रिय सीमा समस्या सम्बन्धी अद्यावधिक विवरण परराष्ट्र मन्त्रालयसँग माग गर्ने।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो।